# बेलवारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यलय
## बेलवारी, मोरङ
## १ नं.प्रदेश, नेपाल

### शिलबन्दीबोलपत्र आव्हानको सुचना
### सुचना न. ( प्रथम पटक प्रकाशित मिति २०७६।०९।२८

यस कार्यालयबाट तपशिलमा उल्लेखीत निर्माण कार्य खरीद प्रकृया बाट गराउनू पर्ने भएकोले ईच्छूक ईजाजत पत्र प्राप्त फर्म,कम्पनीहरुबाट निम्न सर्तहरुको अधिनमा रही रितपुर्वकको लाहाछाप शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

शर्तहरु:

१.ईच्छूक योग्यतापुगेका सिलबन्दी बोलपत्रदाताले सूचना प्रकाशीत भएको मितिले ३० औं दिन कार्यालय समय भित्र यस कार्यालयबाट फिर्ता नहुने गरि तपसिल बमोजमिको नगदै तिरी नगदी रसिदका साथ आ.ब. २०७६।०७७ को लागीनबीकरण भएको ईजाजतपत्र, स्थायी लेखानम्बर तथा मु.अ.कर दर्ता प्रमाणपत्र र आ.ब.२०७५।०७६ को कर चूक्ता गरेको पत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी बोलपत्र यस कार्यालयको शहरी पुर्वाधार विकास शाखाबाट खरीदगर्न सकिने छ ।

२.शिलबन्दी बोलपत्रदाताहरुले सूचना प्रकाशीत भएको मितिले ३१औं दिन दिनको १२.०० बजे भित्र यस कार्यलयमा दर्ता गराई सक्नूपर्ने छ । प्राप्त बोलपत्रहरु सोही दिन दिनको २.०० बजे यस कार्यालय का प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितीमा यस कार्यालयमा नियमानुसार खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि उक्त बोलपत्रदाता खोल्न वाधा पर्ने छैन ।

३.बोलपत्रसाथ तपसिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैक लि. वेलवारी शाखा स्थित धरौटी खाता नं.२४३०३०३००७१०३ मा दाखिला गरेको सक्कल भौचर वा कम्तीमा बोलपत्रको लागी १२० दिनको म्याद भएको बोलपत्र कागजातमा दिईएको नमुना अनूसारको शर्तहरु उल्लेख गरी मान्यता प्राप्त "क" बर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममाजारी भएको सक्कल बोलपत्र जमानत (बैंक ग्यारेण्टी) पेश गर्नुपर्ने छ ।

४.बोलपत्र भर्दा प्रत्येक आईटमको दररेट अंक र अक्षरमा स्पष्ट हूने गरि लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

५.रीत नपूगी वा म्याद नाघी आएका बोलपत्र उपर कूनै कारबाही हूने छैन ।

६.दर्ता भएका बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७.बोलपत्र पेश गर्दा पेश गर्नेको पत्राचार ठेगाना, सम्पर्क फोन नं., फ्याक्स नं. स्पष्ट संग लेख्नूपर्ने छ ।

८. बोलपत्र पेश गर्दा खामको बाहिर माथीकामको विवरण लेखि तल यस कार्यालयको नाम लेख्नूपर्ने छ ।

९.खरीद कारबाहीमा भागलिन अयोग्य छैन भन्ने सार्बजनिक खरिद नियमावली बमोजीमको बोलपत्रदाताले स्वंयमधोषणापत्र पेश गर्नूपर्ने छ ।

१०. यस सम्बन्धिअन्य कूरा बूझ्नू परेमाकार्यालय समयमा सम्पर्क राखीबूझ्न सकिने छ । र यस कार्यलयको वेभ साईट http:/www.belbarimun.gov.np मा समेत हेर्न सक्नूहूनेछ ।

प्रदिप शाह
प्रमुख प्रशासकीय अधिकृत

बेलबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
१ नं. प्रदेश नेपाल

११ बोलपत्र खरीद र दर्ता गर्ने दिन सार्वजनिक बिदा परेमा सो लगतै कार्यालय खूलेको दिन खरीद तथा दर्ता गरीने छ ।

१२.यस सुचनामा उल्लेख नभएका अन्य कूराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियामवली २०६४ तथा प्रचलित अन्य कानून बमोजीम.हुने छ ।

तपसिल

| क्र.सं. | ठेक्का नं. | कामको बिवरण | ल.ई.रकम रु. (भ्याट वाहेक) | धरौटी रकम रु. | बोलपत्र र दरभाउपत्र दस्तूर | खरिद प्रकिया |
|---|---|---|---|---|---|---|
| २. | BM/MOR/ /W/NCB-05-076/077 | स्वास्थ्य चौकी भवन निर्माण बेलबारी २ | रु ३५०४५२७७० | रु १२४०००।०० | रु ३०००।०० | शिलबन्दी बोलपत्र |
| ३. | BM/MOR/ /W/NCB-06-076/077 | स्वास्थ्य चौकी भवन निर्माण बेलबारी ३ | रु ३५०४५२७७० | रु १२४०००।०० | रु ३०००।०० | शिलबन्दी बोलपत्र |
| ४. | BM/MOR/ /W/NCB-07-076/077 | स्वास्थ्य चौकी भवन निर्माण बेलबारी ६ | रु ३५०४५२७७० | रु १२४०००।०० | रु ३०००।०० | शिलबन्दी बोलपत्र |
| ५. | BM/MOR/ W/NCB-08-076/077 | स्वास्थ्य चौकी भवन निर्माण बेलबारी १० | रु ३५०४५२७७० | रु १२४०००।०० | रु ३०००।०० | शिलबन्दी बोलपत्र |

प्रदिप शाह
प्रमुख प्रशासकीय अधिकृत